# नेसास अनि अकादमीद्वारा दुई दिवसीय संगोष्ठी



दार्जीलिङ, २ सेप्टेम्बर (निजी)। नेपाली साहित्य सम्मेलन(नेसास), दार्जीलिङ र साहित्य अकादमी, दिल्लीको संयुक्त तत्वावधानमा गत ३१ अगस्त अनि १ सेप्टेम्बरको दुई दिन सम्मेलनका भुपेश सभागृहमा उद्घाटन सत्र साहित्य सम्मेलनका वर्तमान अध्यक्ष डाक्टर नन्दकुमार राईको अध्यक्षतामा सम्पन्न भयो। साहित्य अकादमीका सचिव डाक्टर के श्रीनिवासराव अस्वस्थताको कारणले अनुपस्थित रहनुभै उहाँको शुभ सन्देश-पत्र अकादमीका प्रतिनिधि उप-सचिव डाक्टर एन सुरेश बाबुले आफ्नो स्वागत भाषणको क्रममा पठन गर्दै समारोहलाई आभार ज्ञापन गरे। त्यसपछि, नेपाली भाषा परामर्श समिति, साहित्य अकादमीका संयोजक तथा सम्मेलनका पूर्व अध्यक्ष प्रेम प्रधानबाट उद्घाटन भाषण प्रस्तुत भयो। नेपाली भाषा परामर्श समितिका संयोजक शंकरदेव ढकालको अनुपस्थितिमा उहाँका प्रतिनिधि अनिता सिविताले बीज भाषण स्वरूप सान्दर्भिक मन्तव्य प्रस्तुत गरे। त्यसपछि, उद्घाटन सत्राध्यक्षले यस वर्षहरूमा सम्पन्न साहित्यका संगोष्ठीहरूमध्ये सम्पन्नहरूको संगोष्ठीको मुद्दै विशेषता रहेको छ, किनभने सम्मेलनको शतवार्षिकी समारोहको क्रमागत कार्यक्रम भएकाले यो ऐतिहासिक भएको छ भन्दै दुई दिन प्रस्तुत हुने कार्यपत्र साहित्य सम्मेलनसित सम्बन्धित भएकाले हुनाले पनि यो सत्रको ऐतिहासिक भएको छ, भन्दै साहित्य अकादमी अनि उपस्थित महानुभावहरूप्रति आभार अभिनन्दन राख्नुभयो। अन्त्यमा, मूल सचिव महेन्द्रकुमार प्रधानले धन्यवाद ज्ञापन गरेपछि उद्घाटन सत्र समापन भयो। सत्रपश्चात कार्यक्रम समय २ बजेदेखि ४ बजेसम्म साहित्यकार तथा सम्मेलनका पूर्व अध्यक्ष होंग आलेको अध्यक्षतामा संगोष्ठीको प्रथम सत्र आरम्भ भयो।

प्रथम प्रस्तोता डाक्टर महेश प्रधानले कविता साहित्यमा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे भने दोस्री प्रस्तोता डाक्टर युवराज दियालीले नेपाली लघुकथामा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे। तेस्रो प्रस्तोता डाक्टर गीता राईले नेपाली नाटक साहित्यमा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे भने साहित्यकार तथा साहित्य सम्मेलनका पूर्व अध्यक्ष मनोज राई 'दुमी'-ले दियालोमा प्रकाशित कथा, कविता र नाटकहरू विषयमा कार्यपत्र प्रस्तुत गरे। अन्त्यमा, सत्राध्यक्ष होंग आलेले प्रस्तुत गरिएका कार्यपत्रहरूबारे संक्षेपमा समीक्षात्मक मन्तव्य प्रस्तुत गरी प्रस्तोताहरूलाई आभार व्यक्त गर्दै प्रथम सत्र समापनको घोषणा गरे। त्यसरी नै, दोस्रो दिनको द्वितीय सत्रमा साहित्यकार नन्द हाङखिमको अध्यक्षतामा प्राध्यापक कुशल छिरिङले निबन्ध साहित्यमा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे भने डाक्टर योगेश खातीले मेरा लेखन र नेपाली साहित्य सम्मेलन विषयमा कार्यपत्र प्रस्तुत गरे। अन्त्यमा, सत्राध्यक्षबाट दुवै प्रस्तोताका विषयमा संक्षेपमा मन्तव्य प्रस्तुत गर्दै आभार व्यक्त गरी द्वितीय सत्र समापन भएको घोषणा गरे। तृतीय सत्र मध्याह्न १२ बजेदेखि अपराह्न १:३० बजेसम्म साहित्यकार एवं पत्रिकाको अध्यक्षतामा साहित्यकार तथा सम्मेलनका पूर्व उपाध्यक्ष डाक्टर बीणा हाङखिमले भाषिक अध्ययन र नेपाली साहित्य सम्मेलन विषयमा कार्यपत्र प्रस्तुत गरे भने साहित्यकार तथा साहित्य सुधी परिवारका अध्यक्ष राजबहादुर राईले नेपाली भाषाको आन्दोलनमा नेपाली साहित्य सम्मेलनको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गरे। नेपाली भाषा परामर्श समिति, साहित्य अकादमी दिल्लीका पूर्व संयोजक तथा साहित्य सम्मेलनका पूर्व अध्यक्ष डाक्टर जीवन नामदुङले साहित्य अकादमी र नेपाली साहित्य सम्मेलनको साहित्यिक सहकार्यको अर्द्ध शताब्दी विषयमा ऐतिहासिक तथ्याङ्कहरूका साथ शोधपूर्ण तथा सूचनात्मक कार्यपत्र प्रस्तुत गरे। अन्त्यमा, सत्राध्यक्षबाट प्रस्तुत गरिएका कार्यपत्रहरूबारे संक्षेपमा मन्तव्य राख्दै आभार व्यक्त गरी तृतीय सत्र समापन भएको घोषणा गरे। चतुर्थ सत्र अपराह्न २:३० बजेदेखि ४ बजेसम्म साहित्यकार तथा साहित्य सम्मेलनका पूर्व अध्यक्ष सतीश रसाइलीको अध्यक्षतामा सम्मेलनका उपाध्यक्ष डाक्टर गीता छेत्रीले नारी सर्जकहरू र नेपाली साहित्य सम्मेलन विषयमा कार्यपत्र प्रस्तुत गरे भने सम्मेलनका पूर्व मूल सचिव भक्तराज मुन्नाथ पुलिवालले दियालोका केही पछिल्ला सम्पादकीयहरू विषयमा कार्यपत्र प्रस्तुत गरेपछि अन्त्यमा साहित्य अकादमी, नयाँ दिल्लीका उपसचिव डाक्टर एन सुरेश बाबुद्वारा धन्यवाद ज्ञापन प्रस्तुत भयो, जसक्रममा आफ्नो भाषा, साहित्य, संस्कार, संस्कृतिको संरक्षण-सम्बर्द्धनको निम्ति युवावर्ग अगाडि आउन निकान्त आवश्यक छ भन्दै आह्वान गरे। अन्त्यमा, साहित्य सम्मेलनका अध्यक्षबाट दुई दिवसीय संगोष्ठी आयोजनको निम्ति प्रत्यक्ष-परोक्ष सहयोगीहरूमा साहित्य अकादमीका सचिव डाक्टर के श्रीनिवासराव, उपसचिव डाक्टर एन सुरेश बाबु, संयोजक शंकरदेव ढकाल, नेपाली भाषा परामर्श समितिका सदस्यगण विशेषगरी प्रेम प्रधान अनि डाक्टर जीवन नामदुङप्रति आभार अभिनन्दन राख्नुभई संगोष्ठीका विषय भाषण अनि शताब्दी समारोहमा लोकार्पण हुने २९ वटा विषयका भाषण तथा प्राप्त लवाउ गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तित्व डाक्टर जीवन नामदुङ रहेको भाषामा आभार व्यक्त गरे। दुई दिन सम्पन्न भएको संगोष्ठीमा उद्घोषण मूलसचिव महेन्द्रकुमार प्रधानले गरेका थिए। यसकारणले अघिल्लो दिनको उद्घाटन सत्रको अन्त्यमा साहित्य अकादमी, नयाँ दिल्लीद्वारा प्रकाशित पत्रिकाका लेखक एवं अनुवादकहरूका डाक्टर जीवन नामदुङ, डाक्टर कृष्णराज घतानी र सतीश रसाइलीद्वारा लिखित पुस्तकहरू लोकार्पण भएको यसकारणले, संगोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रहरू पुस्तकाकारमा प्रकाशन व्यवस्था गरी शतवार्षिकी समापन समारोहका अवसरमा लोकार्पण गरिने घोषणा गर्दै दुई दिवसीय संगोष्ठी समापन भएको घोषणा गरे भनी सम्मेलनबाट प्रेषित विज्ञप्तिमा जनाएको छ।